# मिति २०७४ साल असार ११ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

## १. वडाको योजना तर्जुमा सम्बन्धमा

प्रस्ताव नं. १ वडाको योजना तर्जुमा सम्बन्धमा छलफल गर्दा बकैया गाउँपालिकाको योजना तर्जुमा गर्दा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ मा व्यवस्था भए बमोजिम समय तालिकालाई पालना गर्दै बस्ती/टोल स्तरमा योजना छनौट गरी वडा स्तरिय योजना प्राथमिकीकरण समेत २०७४ असार १८ गतेभित्र सम्पन्न गरी यस गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

## २. राजश्व परामर्स समिति गठन सम्बन्धमा

प्रस्ताव नं. २ राजश्व परामर्स समिति गठन सम्बन्धमा छलफल गर्दा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा नं. २.१ मा व्यवस्था भए बमोजिम गाउँ कार्यपालिकाको उपाध्यक्ष श्री सरला बोलखेको अध्यक्षतामा तपसिल अनुसारको राजश्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

क. संयोजक श्री श्री सरला बोलखे (गाउँ कार्यपालिकाको उपाध्यक्ष)
ख. सदस्य श्री सुरेन्द्र प्रधान (गाउँ कार्यपालिकाको कार्यकारी अधिकृत)
ग. सदस्य श्री विविमाया जिम्बा (गाउँ कार्यपालिकाले तोकेको महिला सदस्य)
घ. सदस्य श्री विरमान बल (गाउँ कार्यपालिकाले तोकेको सदस्य)
ङ. सदस्य श्री ...................................... (स्थानीय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधी)
च. सदस्य श्री ...................................... (स्थानीय चेम्बर अफ कमर्शका प्रमुख वा प्रतिनिधी)
छ. सदस्य सचिव श्री बासुदेव फुँयाल (गाउँ कार्यपालिकाको राजश्व विभाग/शाखा प्रमुख)

## ३. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन सम्बन्धमा

प्रस्ताव नं. ३ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन सम्बन्धमा छलफल गर्दा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा नं. २.२ मा व्यवस्था भए बमोजिम गाउँ कार्यपालिकाको अध्यक्ष श्री दामोदर खनालको अध्यक्षतामा तपसिल अनुसारको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरीयो ।

तपसिल

क. संयोजक श्री दामोदर खनाल (गाउँ कार्यपालिकाको अध्यक्ष)
ख. सदस्य श्री सरला बोलखे (गाउँ कार्यपालिकाको उपाध्यक्ष)
ग. सदस्य श्री सुरेन्द्र प्रधान (गाउँ कार्यपालिकाको कार्यकारी अधिकृत)
घ. सदस्य श्री रुपेन घले (अध्यक्षले कार्यपालिकाका सदस्यहरु मध्येबाट तोकेको अल्पसंख्यक प्रतिनिधी)
ङ. सदस्य श्री लक्ष्मीमाया माझी (अध्यक्षले कार्यपालिकाका सदस्यहरु मध्येबाट तोकेको अल्पसंख्यक प्रतिनिधी)
च. सदस्य श्री योगमाया वि.क. (अध्यक्षले कार्यपालिकाका सदस्यहरु मध्येबाट तोकेको महिला प्रतिनिधी)
छ. सदस्य सचिव श्री शिवराम बोहरा ( गाउँपालिकामा योजना हेर्ने महाशाखा वा शाखा प्रमुख)

## ४. बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा

प्रस्ताव नं. ४ बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा छलफल गर्दा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा नं. २.३ मा व्यवस्था भए बमोजिम गाउँ कार्यपालिकाको उपाध्यक्ष श्री सरला बोलखेको अध्यक्षतामा तपसिल अनुसारको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरीयो ।

तपसिल

| | |
|---|---|
| क.संयोजक श्री सरला बोलखे | (गाउँ कार्यपालिकाको उपाध्यक्ष) |
| ख.सदस्य श्री शेरमान घलान | (आर्थिक विकास विषय क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्य) |
| ग.सदस्य श्री सोम बहादुर तिमल्सीना | (सामाजिक विकास विषय क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्य) |
| घ.सदस्य श्री राजन दंगाल | (पूर्वाधार विकास विषय क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्य) |
| ङ.सदस्य श्री फुलमान भोम्जन | (वातावरण तथा विपद व्यवस्थापन विषय क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्य) |
| च.सदस्य श्री गोपाल बहादुर नेसुर | (संस्थागत विकास तथा सेवा प्रवाह विषय क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्य) |
| छ.सदस्य श्री इन्द्र बहादुर स्याङ्तान | (वित्तीय व्यवस्थापन र सुशासन विषय क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्य) |
| ज.सदस्य सचिव श्री सुरेन्द्र प्रधान | (गाउँ कार्यपालिकाको कार्यकारी अधिकृत) |

## ५.नियमावली तथा कार्यविधि स्विकृति सम्बन्धमा

प्रस्ताव नं. ५ नियमावली तथा कार्यविधि स्विकृति सम्बन्धमा छलफल तपसिलको नमुना कार्यविधिलाई छलफल गरी आवस्यक संसोधन सहित स्विकृत गर्ने सर्वसम्मत निर्णय गरीयो ।

तपसिल

- बकैया गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधी) नियमावली, २०७४
- बकैया गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४
- बकैया गाउँपालिका गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४
- बकैया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४

आजको बैठक विहान ३:०० बजे शुरु भई ५:१५ बजे सम्पन्न गरियो ।